# तेह्रौं नगरसभाका निर्णयहरु

**निर्णय नं १ :** सभामा नगरप्रमुख श्री तुलसी राम रेग्मीबाट पेश भएको पुतलीबजार नगरपालिकाको आ.व २०८०/०८१ को निति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।उक्त नीति तथा कार्यक्रमको विस्तृत विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

**निर्णय नं २:** सभामा नगर उपप्रमुख श्री देवी अर्यालबाट प्रस्तुत भएको पुतलीबजार नगरपालिकाको आ.व.२०८०/०८१ को बजेट वक्तव्य स्वीकृत गर्ने निर्णय गरियो । उक्त आ.व.२०८०/०८१ को बजेट वक्तव्यको विस्तृत विवरण अनुसूची २ मा समावेश गरिएको छ ।

**निर्णय नं ३ :** सभामा नगर उपप्रमुख श्री देवी अर्यालबाट प्रस्तुत भएको पुतलिबजार नगरपालिकाको आर्थिक विधेयक २०८० स्वीकृत गर्ने निर्णय गरियो । आर्थिक विधेयक २०८० को विस्तृत विवरण अनुसूचि ३ मा समावेश गरिएको छ ।

**निर्णय नं ४ :** सभामा नगर उपप्रमुख श्री देवी अर्यालबाट प्रस्तुत भएको पुतलिबजार नगरपालिकाको विनियोजन विधेयक २०८० स्वीकृत गर्ने निर्णय गरियो । पुतलीबजार नगरपालिकाको विनियोजन विधेयक २०८० को विस्तृत विवरण अनुसूची ४ मा समावेश गरिएको छ ।

**निर्णय नं ५ :** नगरसभाका सदस्य एवं विधायन समितिका संयोजक अनिता रुचालबाट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २० बमोजिम सभामा प्रस्तुत भएको पुतलीबजार नगरपालिकाको प्रज्ञा प्रतिष्ठान विधेयक २०८० स्वीकृत गर्ने निर्णय गरियो ।उक्त विधेयकको विस्तृत विवरण अनुसूची ५ मा समावेश गरिएको छ ।

**निर्णय नं. ६ :** पुतलीबजार नगरपालिका लेखा समिति गठन र सञ्चालन नियमावली २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** नगरसभाको तेह्रौं बैठकलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्याउनु हुने राजनितिक दलहरु, सरकारी तथा गैरसरकारी निकायहरु, नागरिक समाज, बुद्धिजिवि , निजि क्षेत्र, टोल विकास संस्था, संचारकर्मी, समाजसेवी एवं आम नगरवासी र राष्ट्रसेवक कर्मचारी प्रति धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :** पुतलीबजार नगरपालिकाका लेखा समितिका संयोजक बाट पेश भएका प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९ :** न्यायिक समिति, लेखा समितिका संयोजकबाट पेश भएका प्रतिवेदनहरु माथि छलफल गरि परित गर्ने निर्णय गरियो ।

**निर्णय नं १० :** नगर कार्यपालिकाको विभिन्न बैठकले नगर सभामा पेश गर्ने गरि विभिन्न मितिमा गरेका निर्णयहरु, नगर कार्यपालिकाका विभिन्न मितिमा भएका बैठकका निर्णयहरु, विभिन्न विषयगत र अन्य समितिबाट निर्णय भई अनुमोदन हुने गरि गरिएका विभिन्न निर्णयहरु,यसआ.ब. का प्रमुखप्रशासकीय अधिकृत स्तरीय निर्णयहरु तथा नगरप्रमुख स्तरीय निर्णय अनुसार विभिन्न कोष तथा शिर्षक बाट खर्च हुनेगरि प्रदान गरिएका रकम तथा आर्थिक सहायता र विनियोजन भएका योजनागत विविध कार्यहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

२०८०-३-६

**निर्णय नं ११ :-** स्थानीय सरकार संचालन ऐन २०७४, को दफा १४ स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७८, को दफा ४.६.४ एवं पुतलीबजार नगरकार्यपालिका(कार्य सम्पादन ) नियमावली २०७४ को नियम १४ बमोजिम देहाय बमोजिम विषयगत समितिको पुर्नगठन गर्ने निर्णय गरियो।

**क. पुर्वाधार विकास समिति**

संयोजक :- अर्जुन कुमार कार्की

सदस्य :- रवि विक्रम केसी

सदस्य :-सुचिता नेपाली

सदस्य :-सुक बहादुर गुरुङ

सदस्य सचिव :- योजना शाखा प्रमुख

**ख. वन वातावरण तथा विपद व्यवस्थापन समिति**

संयोजक :- जितेन्द्र प्रकाश मल्ल

सदस्य :- सोम बहादुर कुँवर

सदस्य :- राम बहादुर थापा

सदस्य :- अशोक कुमार रेग्मी

सदस्य सचिव :- वन वातावरण तथा विपद व्यवस्थपान शाखा प्रमुख

**ग. आर्थिक विकास समिति**

संयोजक :- मनोज पौडेल

सदस्य :-राम प्रसाद ढकाल

सदस्य :-वाल कुमारी आले

सदस्य :-दोक कुमारी मल्ल

सदस्य :- नर्वदा सार्की

सदस्य सचिव :- कृषि शाखा प्रमुख

**घ. संस्थागत विकास, सेवा प्रबाह र सुशासनसमिति**

संयोजक :- संजिता नेपाल अर्याल

सदस्य :-सिता भुजेल

सदस्य :-पवित्रा देवि शर्मा लम्साल

सदस्य :-तारा सुनाम

सदस्य सचिव :- प्रशासन शाखा प्रमुख

**ङ. सामाजिक विकास समिति**

संयोजक :- इम बहादुर सेन

सदस्य :- विष्णु कुमार श्रेष्ठ

सदस्य :- सविता पौडेल

सदस्य :- पुनम शाह

सदस्य सचिव :- शिक्षा शाखा प्रमुख

***नगर सभाको तेह्रौं बैठक मिति २०८० आषाढ ७ गते दिनको ३ बजे अन्त्य गरियो।***

2080-3-6